# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बाघखोर नुवाकोट
बागमती प्रदेश, नेपाल

मिति : २०७७/०६/१४

प.सं. २०७७/७८
च.नं. ३८०

श्री वडा कार्यालय सबै
बेलाकोटगढी नगरपालिका।

विषय : विद्यालय पठन पाठन सम्वन्धमा।

उपरोक्त सम्वन्धमा जिल्ला प्रशासन कार्यालयको मिति २०७७/०६/१४ को पत्रानुसार तत्काल प्रत्यक्ष रुपमा पठनपाठन नगर्नु नगराउनु भन्ने आसयको पत्र प्राप्त भएकोले यस नगरपालिका अन्तर्गतका सबै विद्यालयहरु वैकल्पिक तरिकाबाट सिकाई सहजीकरण गर्नका लागि कार्ययोजना तयार पार्ने तर प्रत्यक्ष रुपमा विद्यार्थी उपस्थित नगराउनु हुन जानकारी गराइन्छ।

२०७७/६/१४

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नुवाकोट
(स्थानीय प्रशासन तथा शा.सु. शाखा)

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३
इमेल :
nuwakotcdo@gmail.com
वेवसाइट:daonuwakot.moha.gov.np

पत्र संख्या : ०७७/७८
चलानी नं:

मिति:२०७७।०६।१४

## अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ अर्थात नोबेल कोरोना भाइरसको संक्रमणबाट यस जिल्ला भित्र कुल संक्रमितको संख्या १३१ जना पुगेको छ। जसमध्ये ११६ जना निको भईसकेको र १५ जना सक्रिय संक्रमितहरूको आइसोलेसनमा उपचार भईरहेको छ। नुवाकोट जिल्लाका विभिन्न पालिकाहरुमा समुदायस्तरमा समेत कोभिड १९ संक्रमण देखिएको र भविष्यमा समुदायमा संक्रमण फैलिन सक्ने उच्च जोखिम रहेको व्यहोरा अवगत नै छ ।यसै सन्दर्भमा हाललाई विद्यालय क्याम्पस लगायत सबै प्रकारका शैक्षित संस्था तथा परीक्षा समेत अर्को सूचना जारी नभएसम्म संचालन नगर्ने नगराउने सम्बन्धी नेपाल सरकारबाट मिति २०७७।०५।२९ गते निर्णय भएको अवस्था छ। विद्यालय तथा क्याम्पसका प्रत्यक्ष सिकाइका गतिविधिहरु नियन्त्रित गर्नुको उद्देश्य शिक्षक विद्यार्थीमा हुन सक्ने संक्रमण नियन्त्रणकै लागि हो । विद्यार्थीहरुको शिक्षण सिकाइका गतिविधि अवरुद्ध नहुन भन्नका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरी सो को कार्यान्वयनको लागि जिम्मेवार निकायको रुपमा स्थानीय तहहरुलाई तोकेको विषय जानकारी नै छ ।जिल्लाका विभिन्न पालिकाहरुमा अवस्थित कतिपय सामुदायिक तथा संस्थागत विद्यालयहरुले सो निर्देशिका विपरित प्रत्यक्ष सिकाइ विधि अवलम्वन गरी नेपाल सरकारको मिति २०७७।०५।२९ गतेको निर्णय विपरितका गतिविधि संचालनको प्रयास गर्न खोजेको भन्ने बुझिन आएको हुँदा यस्ता खालका गतिविधिहरू नगर्ने नगराउने व्यवस्था मिलाउनुहुन अनुरोध छ। साथै सामुदायिक एवं संस्थागत विद्यालय संचालन गरी संक्रमण फैलिन गएमा सो को जिम्मेवारी सम्बन्धित विद्यालयमा रहने व्यहोरा जानकारी गराउदै उल्लेखित काम कारवाही गरे गराएको पाइएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही समेत हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

२०७७/०६/१४

..........................
झंकनाथ ढकाल
प्रमुख जिल्ला अधिकारी